नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ६२

मितिः २०८२/०४/२९

नेपाल संवत् ११४५

विषयः जलवायू परिवर्तन सम्मेलनमा आमन्त्रण सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

प्रस्तुत विषयमा घरपझोङ गाउँपालिका, मुस्ताङको प.सं. २०८२/०८३, च.नं. १८४, मिति २०८२/०४/२८ को जलवायू परिवर्तन सम्मेलनमा आमन्त्रण सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..................

(द्वीपेश कट्टेल)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री घरपझोङ गाउँपालिका, जोमसोम, मुस्ताङ।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

घरपझोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या. : २०८२/८३
चलानी नं.: ९८४

मिति: २०८२/०४/२८

विषय: परिपत्र सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(स्थानीय तह समन्वय शाखा )
सिंहदरबार, काठमाण्डौ ।

प्रस्तुत विषयमा यस घरपझोङ गाउँपालिकाले देशव्यापी रुपमा नेपालका तराई, पहाड र हिमाली क्षेत्रका ७५३ वटै स्थानीय तहका प्रमुख/ अध्यक्षहरुको उपस्थितिमा जलवायू परिवर्तन सम्मेलन आयोजना गर्ने कार्यक्रम यही मिति २०८२ भदौ ३१ गते सञ्चालन गर्न गई रहेकोले यसै पत्र साथ आमन्त्रणको पत्र र आफ्नो स्थानीय तहमा जलवायू परिवर्तरनले असर पुर्याएको फोटो, नारा र आफ्नो पालिकाको नाम सहित ल्याण्ड स्केपमा डिजाईन उपलब्ध गराई दिनका लागि सबै स्थानीय तहमा परिपत्र गरिदिनु हुनका लागि अनुरोध छ ।

०८२।०४।२८
....................................
(वेदहरि अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत


फोन नं.:०६९-४४००१६ इमेल: gharapjhongrmunicpality@gmail.com, info@gharapjhongmun.gov.np वेभसाइड: gharapjhongmun.gov.np

घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३
चलानी नं. १३६

मितिः- २०८२।०४।२३
ने.सं.:- ११४५ गुँल्लाथ्व १४, मंगलवार

**विषय : जलवायु परिवर्तन सम्मेलनमा आमन्त्रण गरिएको सम्बन्धमा ।**

श्री प्रमुखज्यू/अध्यक्षज्यू (सबै),
महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गाउँपालिका
७५२ स्थानीय तह, नेपाल ।

प्रस्तुत विषयमा जलवायु परिवर्तनका कारण देशव्यापी रुपमा नेपालका तराई, पहाड र हिमाली क्षेत्रहरुमा परेको असर न्यूनिकरण साथै जलवायु परिवर्तन अनुकूलन व्यवस्थापनका लागि सबै स्थानीय तहहरुको ऐक्यबद्धता आवश्यक परेको हुँदा एक मात्र शालिग्राम पाईने पवित्र नदी कालीगण्डकी र मुक्तिनाथ भगवानको काखमा रहेको यस घरपझोङ गाउँपालिका, मुस्ताङले तपसिल बमोजिमको मिति, समय र स्थानमा ७५३ वटै स्थानीय तहका प्रमुख/अध्यक्षज्यूहरुको उपस्थितिमा जलवायु परिवर्तन सम्मेलन आयोजना गर्ने कार्यक्रम रहेको हुँदा उक्त सम्मेलनमा यहाँको उपस्थितिका लागि सादर आमन्त्रण गरिएको व्यहोरा अनुरोध गर्दछु। साथै प्रमुख/अध्यक्षज्यू र थप एक जना सवारी चालकको लागि मिति २०८२।०५।३० र ३१ गते (दुई रात एक दिनको) खाना, बास र खाजाको व्यवस्थापन यस गाउँपालिकाबाट हुने व्यहोरा समेत अनुरोध छ ।

तपसिल :-
मिति :- २०८२।५।३१ गते
समय :- बिहान ८:०० बजे
स्थान :- जोमसोम कभर्डहल, जोमसोम, मुस्ताङ ।

मोहन सिंह लालचन
अध्यक्ष

पुनश्च :- होटल व्यवस्थापनको लागि तहाँ स्थानीय तहबाट सहभागी हुने प्रमुख/अध्यक्षज्यू र थप एक जना सवारी चालकको नामावली मिति २०८२।०५।२० गते भित्र उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध छ। साथै तहाँ स्थानीय तहको जलवायु परिवर्तनको असर सम्बन्धमा रहेको धारणा समेत यस गाउँपालिकाको इमेल ठेगानामा पठाईदिनुहुन अनुरोध छ। उक्त धारणा तहाँ स्थानीय तहको नाममा सम्मेलन स्थलमा प्रदर्शनीमा राखिने छ। नमुना यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

सम्पर्कको लागि : ९८४६२२६७५२ - अध्यक्ष : मोहन सिंह लालचन
९८५७६५०२३४ - प्रमुख प्रशासकीय अधिकृत : वेदहरि अधिकारी

नमूना

*जलवायू परिवर्तनले असर पुर्याएको फोटो*






# "स्थानीय तहको जिम्मेवारी,

*नारा*

# जलवायु न्यायका लागि साझेदारी"

*स्थानीय तहको नाम*

## घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## जोमसोम, मुस्ताङ

मितिः २०८२-०५-३१